# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, असोज १८ गते, २०७२ साल (संख्या २२


## भाग ५

नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

## सूचना १

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी देहायको स्वबासी घर जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "स्वबासी घर जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित स्वबासी घर जग्गा दर्ता सम्बन्धी समिति सम्झनु पर्छ ।

(ख) "स्वबासी घर जग्गा" भन्नाले सार्वजनिक जग्गा र निर्धारित भएको वन सिमानाभित्रको जग्गा बाहेकको दर्ता तिरो केही नभएको जग्गामा जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम शुरु (साविक) नाप नक्सा हुँदा

नापी नक्सामा घर, गोठ, घरपाताल (भत्किएको घर) आदि वा घर र घरबाससँग सम्बन्धित अर्थ आउने सङ्केत जनिई फिल्डबुकमा व्यक्तिको नाम उल्लेख गरी नाप जाँच भई त्यस्तो व्यक्तिको नाममा दर्ता गर्न बाँकी रहेको घर जग्गा सम्झनु पर्छ ।

(ग) "शुरु नापी" भन्नाले जग्गा (नाप जाँच) ऐन, २०१९ जारी भएपछि पुनः नापी हुनु भन्दा अगाडि पहिलो पटक (एकसरो) नाप जाँच गरी जग्गावाला र मोहीसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने, जग्गाको नाप नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, किसिम वर्गीकरण गर्ने, नक्सा वा श्रेस्ताको आधारमा क्षेत्रीय किताबमा दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले स्वबासी घर वा जग्गा रहेको जिल्ला वा क्षेत्रको लागि स्थापना भएको मालपोत कार्यालय सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u>: (१) मालपोत कार्यालय रहेको जिल्ला/क्षेत्रमा देहाय बमोजिमका पदाधिकारीहरु रहेको समिति रहने छः-

(क) प्रमुख, मालपोत कार्यालय (सम्बन्धित जिल्ला वा क्षेत्र) - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) प्रमुख, नापी कार्यालय (सम्बन्धित जिल्ला वा क्षेत्र) - सदस्य

(घ) प्रतिनिधि, सम्बन्धित नगरपालिका/गाउँ विकास समिति - सदस्य

(ङ) वरिष्ठ कर्मचारी, सम्बन्धित मालपोत कार्यालय - सदस्य-सचिव

(२) समितिको बैठक एक महिनामा तीन पटकमा नबढाई समितिको अध्यक्षले तोकेको मिति र समयमा बस्ने छ।

(३) समितिको बैठक बस्नका लागि अध्यक्ष सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।



५६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) दफा ५ मा उल्लेख भए बमोजिमका स्वबासी घर जग्गा दर्ता सम्बन्धी निवेदन माग गर्न सूचना जारी गर्ने र निवेदन लिने,

(ख) विगतमा गठित स्वबासी घर जग्गा दर्ता समितिमा निवेदनहरु परी कारवाहीको टुङ्गो लाग्न बाँकी रहेका निवेदनहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिमका निवेदनहरु उपर दफा ६ मा उल्लेख भए बमोजिमको कार्यविधि पूरा गरी छानबिन गर्ने,

(घ) खण्ड (ग) बमोजिम छानबिन गर्दा व्यक्तिको नाममा दर्ता हुनु पर्ने देखिएका स्वबासी घर जग्गा दर्ता गर्ने,

(ङ) स्वबासी घर जग्गा दर्ता गर्ने निर्णय गर्दा सम्बन्धित कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याङ्कनको १० प्रतिशतका दरले हुन आउने दस्तुर लिई श्रेस्ता पुर्जा कायम गर्ने निर्णय गर्ने,

(च) समितिमा निर्णयको लागि पेश भई दर्ता गर्ने निर्णय भएका निवेदन सहितका कागजातहरु निर्णय कार्यान्वयन (जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी प्रमाणपुर्जा तयार गर्ने र सम्बन्धित व्यक्तिलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा उपलब्ध गराउने कार्य) का लागि कार्यालय पठाउने,

(छ) खण्ड (च) बमोजिम कार्यान्वयनका लागि प्राप्त भएपछि कार्यालयले त्यस्तो स्वबासी घर जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम शुरु नापी भएको साल देखिको हुन आउने मालपोत असुलीका लागि सम्बन्धित स्थानीय निकायमा लेखी पठाउने,

(ज) सम्बन्धित स्थानीय निकायबाट खण्ड (छ) बमोजिम मालपोत असुलीको प्रमाण पेश भएपछि कार्यालयले जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी प्रमाणपुर्जा तयार गर्ने र सम्बन्धित व्यक्तिलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा उपलब्ध गराई मिसिल कार्यालयको अभिलेखमा राख्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(झ) जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति-पत्नी दुवैको संयुक्त नाममा दर्ता हुने निर्णय गर्ने,

(ञ) समितिको काम कारबाहीलाई छिटो छरितो बनाउनका लागि आवश्यक कार्ययोजना बनाई कार्य सम्पादन गर्ने गराउने ।

५. <u>निवेदन सम्बन्धी व्यवस्थाः</u> स्वबासी घर जग्गा दर्ताको लागि सम्बन्धित व्यक्तिले देहायको प्रमाण कागजात संलग्न गरी यो आदेश नेपाल राजपत्रमा प्रकाशित भएको मितिले छ महिनाभित्र समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्वीकृति लिई वा नक्सा पास गरी बनाएको घर भए त्यसको प्रतिलिपि,

(ग) स्थानीय निकाय (गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) को भोग सम्बन्धी सिफारिस,

(घ) नापी कार्यालयबाट ट्रेश भएको सम्बन्धित जग्गाको प्रमाणित नक्सा ट्रेश उतार,

(ङ) नापी कार्यालयबाट प्रमाणित फिल्डबुक उतारको प्रतिलिपि,

(च) खानेपानी वा विद्युत महसुल बुझाएको रसिद भए सोको प्रतिलिपि,

(छ) स्वबासी घर जग्गासँग सम्बन्धित अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि ।

६. <u>कार्यविधिः</u> दफा ५ बमोजिम स्वबासी घर जग्गा दर्ता सम्बन्धमा पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण सङ्कलन तथा छानबिन गर्नेछः-

(क) निवेदनमा उल्लेख भएको घर जग्गासँग सम्बन्धित कार्यालयमा भएको दर्ता बाँकी श्रेस्ता, लुज सिट भिडाउने र त्यस्तो अभिलेख अन्य कार्यालयमा रहने भए माग गरी मिसिल सामेल राख्ने,

(ख) भोग सम्बन्धमा सम्बन्धित स्थानीय निकाय बुझ्ने,

(ग) कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा आवश्यकता अनुसार सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(घ) प्रचलित कानून बमोजिम हकदाबीको सम्बन्धमा पैंतीस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्ने,

(ङ) कार्यालयबाट प्रचलित कानून बमोजिम हक तथा भोग सम्बन्धी सरजमिन तथा स्थलगत निरीक्षण गर्ने गराउने,

(च) आवश्यकता अनुसार अन्य प्रमाण बुझ्ने ।

७. <u>समितिको कार्यालयः</u> समितिको कार्यालय सम्बन्धित मालपोत कार्यालयमा रहनेछ ।

८. <u>निर्णयको लागि समितिको बैठकमा पेश गर्ने तथा निर्णय कार्यान्वयन गर्नेः</u> (१) स्वबासी घर जग्गा दर्ताका लागि समिति समक्ष निवेदन पेश भई समितिबाट कारबाही तथा छानबिन गर्दा व्यक्तिको नाममा दर्ता हुनु पर्ने देखिएमा निर्णयको लागि समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णयका लागि समितिको बैठकमा पेश भई समितिको बैठकबाट दर्ता गर्ने गरी निर्णय भएपछि कार्यान्वयन तथा जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपुर्जा तयार गर्नका लागि सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यालयमा प्राप्त भएपछि जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपुर्जा तयार गरी वितरण गर्ने, फिल्डबुकमा दर्ताको व्यहोरा जनाउन नापी कार्यालयमा पत्राचार गर्ने लगायतका निर्णय कार्यान्वयन सम्बन्धी कार्य सम्बन्धित कार्यालयले गर्नेछ ।

९. <u>अधिकार प्रत्यायोजनः</u> स्वबासी घर जग्गा दर्ता गर्ने निर्णय गर्ने बाहेक अन्य अधिकार समितिले समितिका अध्यक्ष तथा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. <u>निर्देशन, अनुगमन तथा निरीक्षणः</u> (१) समितिबाट भए गरेका कामको विवरण समितिले भूमिसुधार तथा व्यवस्थापन विभागमा मासिक रुपमा पठाउनु पर्नेछ ।

(२) समितिबाट भए गरेका कामको मन्त्रालयले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

११. <u>समितिको कार्यावधिः</u> समितिको कार्यावधि यो सूचना नेपाल राजपत्रमा प्रकाशित भएको मितिले एक वर्षको हुनेछ ।



५६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी सम्वत् २०२१ सालभन्दा अगाडि चितवन जिल्लाको साविक प्रगन्ना उत्तर कछाडको मौजामा बसोबास गरी आएका व्यक्तिहरुको जग्गा वन प्रयोजनका लागि तत्कालीन श्री ५ को सरकारलाई दिई सो को सट्टामा तत्कालीन राप्तीदून (चितौन) जग्गा वितरण व्यवस्था कमिशनबाट हाल पर्सा जिल्ला अन्तर्गत सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समितिहरुमा बसोबास गराइएका बसोबासीहरुको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "सट्टाभर्ना दिनका लागि पर्सा जिल्ला अन्तर्गत बसोबास गराइएका बसोबासीहरुको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "बसोबासी" भन्नाले सम्वत् २०२१ साल भन्दा अगाडि चितवन जिल्लाको हिले, तीलकाने, अंखुवा, गडुवा, लंकलाइन, सूर्यपुर, खोलो सिमलमा बसोबास गरी आएका व्यक्ति वा परिवारहरुको जग्गा वन क्षेत्रको प्रयोजनका लागि नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले लिई सो को सट्टाभर्ना दिनका लागि तत्कालीन राप्तीदून (चितौन) जग्गा वितरण व्यवस्था कमिशनबाट पर्सा जिल्ला अन्तर्गत सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समितिहरुमा बसोबास गराई बसोबास गरी आएको नेपाली नागरिक वा निज प्रति आश्रित परिवार सम्झनु पर्छ र सो शब्दले त्यस्तो




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बसोबासी व्यक्ति वा परिवारबाट घरायसी लिखतको आधारमा जग्गा खरिद गरी बसोबास गरी आएका नेपाली नागरिक वा निज प्रति आश्रित परिवारलाई समेत जनाउँछ ।

(ग) "सट्टाभर्ना" भन्नाले खण्ड (ख) बमोजिम बसोबास गरी आएका बसोबासीलाई निजहरुले साविक चितवन जिल्लाको हिले, तीलकाने, अंखुवा, गड्वा, लंकलाइन, सूर्यपुर, खोलो सिमलमा बसोबास गरी आएका व्यक्ति वा परिवारहरुको जग्गा वन क्षेत्रको प्रयोजनका लागि नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले लिई सो जग्गा बापत हाल पर्सा जिल्ला अन्तर्गत सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समितिमा उपलब्ध गराइने जग्गा सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u> : (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख, जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, पर्सा - अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, पर्सा वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्रमुख, नापी कार्यालय, पर्सा - सदस्य

(घ) अध्यक्ष, जग्गा रहेको गाउँ विकास समिति, पर्सा (आ-आफ्नो जग्गा रहेको कार्य क्षेत्र) - सदस्य

(ङ) प्रमुख, मालपोत कार्यालय, पर्सा -सदस्य- सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले उपयुक्त ठहऱ्याएको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार**: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले तोकेको म्यादभित्र सम्बन्धित व्यक्तिबाट निवेदन माग गर्ने,

(ख) यस अगाडि परेका निवेदन र कागज प्रमाण सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ग) देहाय बमोजिमका व्यक्ति वा परिवारको छुट्टाछुट्टै लगत तयार गर्नेः-

(१) के कति व्यक्ति वा परिवारले कुन स्थानमा जग्गा प्राप्त गरे र के कति व्यक्ति वा परिवारले जग्गा प्राप्त गर्न बाँकी छ यकिन गरी जग्गा प्राप्त गर्ने र जग्गा प्राप्त गर्न बाँकी रहेका व्यक्ति वा परिवारको लगत,

(२) हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समितिमा आई बसोबास गरी पुनः साविक कै स्थान बसोबास गरी आएका व्यक्ति वा परिवारको लगत,

(३) हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समितिहरुमा आई बसोबास गर्दै आएका व्यक्ति वा परिवारको लगत ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम पर्न आएका निवेदन र लगत उपर दफा ५ बमोजिमका प्रमाण सङ्कलन र छानबिन गर्ने,



५६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ङ) सङ्कलित प्रमाणका आधारमा निवेदकको नाममा जग्गा दर्ता हुने भनी यकिन भएका जग्गाहरु त्यस्ता व्यक्तिका नाममा दर्ता गर्ने निर्णय गर्ने,

(च) जग्गाको चलन पुर्जी, तिरोभरो र जोत भोगको विषयमा विवाद वा फरक परेमा छानबिन गरी प्रमाणको आधारमा दर्ता गर्ने,

(छ) जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पती-पत्नी दुवैको संयुक्त नाममा दर्ता हुने निर्णय गर्ने,

(ज) जग्गा दर्ता गर्ने निर्णय भएपछि नक्सा, प्लट रजिष्टर, जग्गाधनी दर्ता श्रेस्ता, जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने,

(झ) जग्गा दर्ता गर्ने निर्णय गर्दा जग्गाको नापी भए देखि चालू आर्थिक वर्षसम्मको मालपोत रकम सम्बन्धित गाउँ विकास समितिमा दाखिला गराउने गरी निर्णय गर्ने।

(२) उपदफा (१) बमोजिम सट्टाभर्नाको लागि जग्गा दिने निर्णय गर्दा नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले प्राप्त गरेको जग्गाको क्षेत्रफल नबढ्ने गरी हाल भोग चलन गरेको जग्गा मात्र दर्ता गर्ने निर्णय गर्नु पर्नेछ ।

५. **कार्यविधिः** (१) जग्गा दर्ताको निवेदन साथ देहाय बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सम्बन्धित गाउँ विकास समितिले भोग यकिन गरेको र जग्गा दर्ता गरी दिने भन्ने सिफारिस,

(ग) राप्तीदून (चितौन) जग्गा वितरण व्यवस्था कमिशनको चलन पुर्जी भए सो प्रमाण,

(घ) भोग चलन गरेको प्रमाण कागजात भए सो प्रमाण,

(ङ) तिरोभरो गरेको कागज प्रमाण भए सो प्रमाण,

(च) अन्य कागज प्रमाण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिले जग्गा दर्ताको निर्णय गर्दा देहायका कार्यविधि पुरा गर्नु पर्नेछः-

(क) हकदाबीको सम्बन्धमा पैंतीस दिनको म्याद दिई स्थानीय पत्रिका समेतमा सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) समितिमा खटिएका कर्मचारी मार्फत साँध सधियार, स्थानीय निकायका प्रतिनिधिको रोहबरमा भोग खुल्ने गरी स्थलगत सरजमिन गर्ने,

(ग) पेश भएको लगत कार्यालयको अभिलेखसँग भिडाई यकिन गर्ने,

(घ) जग्गा भोगचलन गरेको आधार प्रमाण बुझ्ने ।

६. <u>समितिको कार्यालय:</u> समितिको कार्यालय मालपोत कार्यालय, पर्सामा रहनेछ ।

७. <u>समितिको कार्यक्षेत्र</u>: समितिको कार्यक्षेत्र हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समिति क्षेत्र मात्र हुनेछ ।

८. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>: समितिलाई आवश्यक पर्ने अनुसूची-१ बमोजिमका कर्मचारीहरु मालपोत कार्यालय पर्सा, नापी कार्यालय पर्साबाट समितिको कार्य अवधिभर काजमा उपलब्ध गराइनेछ ।

९. <u>पारिश्रमिक, भत्ता तथा बैठक भत्ता</u> : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैयाँ बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक रुपमा भत्ता पाउनेछन् ।

(३) समितिको कामको सिलसिलामा नाप नक्सा लगायतको फिल्डको काममा खटिने कर्मचारीले उपदफा (२) मा उल्लेख भएका भत्ताका अतिरिक्त प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता समितिको कार्यालयबाट पाउनेछन् ।



६८५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **बजेट सम्बन्धी व्यवस्था** : समितिको लागि आवश्यक पर्ने अनुसूची-२ बमोजिमको बजेट अनुसार बाह्र लाख पचास हजार रुपैयाँ अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

११. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः** (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, निर्णय मिसिल, नक्सा लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य सदस्य-सचिवबाट हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय, पर्साले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, पर्सा वा नापी कार्यालय, पर्सामा र जिन्सी सामानहरु मालपोत कार्यालय, पर्सामा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

१२. **समितिको कार्य अवधि** : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाको हुनेछ ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अनुसूची -१
**(खण्ड ८ सँग सम्बन्धित)**
**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मालपोत अधिकृत (राजपत्राङ्कित द्बितीय श्रेणी) | १ | मालपोत कार्यालय, पर्साबाट |
| २ | मालपोत अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) | १ | मालपोत कार्यालय, पर्साबाट |
| ३ | नायव सुब्बा (राजपत्र अनङ्कित प्रथम श्रेणी) | २ | मालपोत कार्यालय, पर्साबाट |
| ४ | सर्भेक्षक (राजपत्र अनङ्कित प्रथम श्रेणी) | २ | नापी कार्यालय, पर्साबाट |
| ५ | अमिन (राजपत्र अनङ्कित द्वितीय श्रेणी) | १ | नापी कार्यालय, पर्साबाट |
| ६ | कार्यालय सहयोगी (श्रेणी बिहीन, जंजिदार समेत) | २ | मालपोत कार्यालय, पर्साबाट १ र नापी कार्यालय, पर्साबाट १ |
| | जम्मा | ९ | |





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## अनुसूची -२
## (दफा १० सँग सम्बन्धित)

**समितिको लागि आवश्यक बजेट**

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | ८,३५,०००। | समितिको बैठक भत्ता र कर्मचारी भत्ता |
| 2 | कार्यालय खर्च | १,००,०००। | समितिको लागि आवश्यक कार्यालय खर्च |
| ३ | केन्द्रीय अनुगमन | १,५०,०००। | मन्त्रालयबाट निरीक्षण तथा अनुगमन कार्यको लागि मन्त्रालयमा रहने |
| ४ | विविध | १,६५,०००। | बैठकको लागि चिया/खाजा र स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | **जम्मा** | १२,५०,०००। | |

आज्ञाले,

**लोकदर्शन रेग्मी**

**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

खण्ड ६५ संख्या २० नेपाल राजपत्र भाग ३ मा प्रकाशित सामान्य प्रशासन मन्त्रालयको सूचनाको पृष्ठ संख्या २८ पछि देहायबमोजिमको पृष्ठ संख्या २९ हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ-

फाराम नं. ०१

कर्मचारीको हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो (सिटरोल प्रमाणित गर्ने अधिकारीले फोटो समेत प्रमाणित गरेको हुनु पर्नेछ)

**वैयक्तिक विवरण**

**नेपाल सरकार**

**.............. मन्त्रालय/सचिवालय/आयोग/विभाग/कार्यालय**

**१. निजामती कर्मचारीको व्यक्तिगत विवरण**

नेपालीमाः (देवनागरी लिपि)......................................................

अंग्रेजीमाः (BLOCK LETTER) ...............................................

जन्म मिति विवरणः (वि.सं.) ..../...../.... (ई.सं.) ..../...../....

नागरिकता नं. .......... जारी जिल्लाः .......... जारी मितिः ..........

बाबुको नाम (नेपालीमा) .......................... पेशाः ..............

बाबुको नाम (अङ्ग्रेजीमा) ..................................................

बाजेको नाम (नेपालीमा) .......................... पेशाः ..............

बाजेको नाम (अङ्ग्रेजीमा) ..................................................

आमाको नाम (नेपालीमा) .......................... पेशाः ..............

आमाको नाम (अङ्ग्रेजीमा) ..................................................

विवाहित भए पति/पत्नीको नाम (नेपालीमा) .......... पेशाः .......

(अङ्ग्रेजीमा) ....................

छोरीको सङ्ख्या ..................... छोराको सङ्ख्या ................

**२. ठेगाना सम्बन्धी विवरण**

| | **स्थायी ठेगाना** | | **अस्थायी ठेगाना** | |
|---|---|---|---|---|
| | **नेपालीमा** | **अङ्ग्रेजीमा** | **नेपालीमा** | **अङ्ग्रेजीमा** |
| अञ्चलः | | | | |
| जिल्लाः | | | | |
| न.पा./गा.वि.स. | | | | |
| वडा नं. | | | | |
| टोल/मार्गः | | | | |
| घर/ब्लक नं. | | | | |
| सम्पर्क फोन/मोबाइल नं. | | | | |
| ईमेल ठेगानाः | | | | |

**मुद्रण विभाग ।**



५८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## भूलसुधार

खण्ड (६४) संख्या ३८ नेपाल राजपत्र भाग ५ मिति २०७१।११।४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको पाँचौं हरफमा "Hepatotoxic, Carcinogenic, Immunotoxic, Neurotoxic" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ।

- विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।